आज मिति २०८३/०४/२८ गतेको बिन माडी नगर शिक्षा ऐन, २०७७ (संशोधन) सहित ऐनको परिच्छेद -३, को दफा ९ बमोजिम गठित नगर शिक्षा समितिको अध्यक्ष तथा नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्यूको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरु माथि आवश्यक छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

१. श्री तारा कुमारी काजी महतो — अध्यक्ष

२. श्री खेम प्रसाद महतो — उपाध्यक्ष

३. श्री जगत् प्रसाद भुसाल — सदस्य

४. श्री दिपेन्द्रराज पौडेल — सदस्य

५. श्री सोभाखर चापागाँई — सदस्य

६. श्री महदत्त काफ्ले — सदस्य

७. श्री राम बहादुर जि.सी.- सदस्य

८. श्री चन्द्रमणि महतो - सदस्य

९. श्री चिरञ्जिवी तिवारी – सदस्य

१०. श्री सावित्री सुवर्णाकार - सदस्य

११. श्री लेख बहादुर गुरुङ - सदस्य

१२. श्री अमृता के.सी. - सदस्य

१३. श्री सुमादेवि पन्त - सदस्य

आमन्त्रित सदस्य :

१.श्री हरिशरण सोती — लेखा शाखा प्रमुख

२. श्री नविन राज रुवाली — प्रशासन शाखा प्रमुख

३. श्री प्रवीण भण्डारी - सूचना प्रविधि शाखा

निर्णयहरु

१) सामुदायिक विद्यालयहरुले उठाएको शुल्क सम्बन्धी गुनासोको सम्बोधनका लागि शिक्षा नियमावली २०५९ (दशौं संशोधन सहित) को परिच्छेद २५ र २६ बमोजिम गर्ने गरी सम्बन्धित विद्यालय र शिक्षा विकास तथा समन्वय इकाईमा पत्राचार गर्ने ।

२) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति गठन/पूनर्गठनका लागि शिक्षा ऐन, २०२८ को दफा १२ र शिक्षा नियमावली २०५९ (दशौं संशोधन सहित) को नियम २९ को पूर्ण परिपालना हुने गरी मिति २०८३ भदौ १२ गते भित्र सम्पन्न हुने गरी सामुदायिक विद्यालयहरुलाई पत्राचार गर्ने ।

३) मिति २०८३ असार ३१ गतेको प्रधानाध्यापक पदपूर्तिका लागि दरखास्त आव्हान सम्वन्धी सूचना बमोजिम आवेदन नपरेका माध्यमिक विद्यालय र सम्पूर्ण आधारभूत तहका सामुदायिक विद्यालयमा प्रधानाध्यापक पदपूर्तिका लागि सूचना प्रकाशन गर्ने ।

तारा कुमारी काजी महतो
नगर प्रमुख